# जनकपुरधाम उप-महानगरपालिका

जनकपुवधाम उप-महानगवपालिका

## नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

पत्र संख्याः ०८१/८२

चलानी नं. ६४४

फोन नं. : ०४१–५२०१४६, ५२०५१०

बारुण-यन्त्रः ०४१-५२०५२०, ५२००१

मिति-२०८१।०५।११

**विषयः भू-उपयोग क्षेत्र वर्गीकरणका लागि सीलबन्दी प्रस्ताव पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना।**

(प्रथम पटक प्रकाशित मितिः २०८१।०५।११)

प्रस्तुत विषयमा यस जनकपुरधाम उपमहानगरपालिकाको वडा नं. १ देखि २५ सम्मका जग्गा भू-उपयोग ऐन, २०७६ को दफा ४(१) मा भएको व्यवस्था बमोजिम १० वर्गमा भू-उपयोग नियमावली, २०७९ को नियम ५ अनुसार भू-उपयोग क्षेत्र वर्गीकरण गर्नुपर्ने भएकोले देहायका प्रक्रियाहरू तथा पालना गर्नुपर्ने शर्तहरूसहित इच्छुक परामर्श दाता तथा संस्थाहरूले प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र सीलबन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**देहायः**

सीलबन्दी प्रस्ताव पेश गर्दा अपनाउनु पर्ने प्रक्रियाहरू तथा पालना गर्नुपर्ने शर्तहरूः

१. सीलबन्दी प्रस्ताव पेश गर्दा उपमहानगरपालिको ToR / RFP बमोजिम गर्नुपर्ने छ।

२. प्रस्ताव पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिनमा प्रस्ताव दर्ता हुनेछ।

३. प्रस्ताव पत्रमा रकम अङ्क र अक्षरमा स्पष्ट रूपमा लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ।

४. प्रस्ताव पेश गर्दा आर्थिक र प्राविधिक प्रस्ताव छुट्टा छुट्टै संलग्न गर्नु पर्नेछ।

५. प्रस्तावका साथ संलग्न गर्नुपर्ने कागजातहरूः

क. कम्पनी / संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि

ख. PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि

ग. आ.व. २०८०।०८१ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि

घ. यस उपमहानगरपालिकामा सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि

६. प्रस्ताव स्वीकृत गर्ने या नगर्ने यस उपमहागरपालिकाको निर्णयानुसार हुनेछ।

थप जानकारीका लागि यस कार्यालयको भूमि व्यवस्था शाखामा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

"धार्मिक,सास्कृतिक,पर्यटकीय समृद्ध नगर जनकपुरधाम"

Website:www.janakpurmun.gov.np Email:janakpursmc@.gov.np